# वीरगंज महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### वीरगंज,पर्सा - प्रदेश नं.२ नेपाल

# दरभाउपत्र आह्वान e-bidding सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०९/०७

**दरभाउपत्र सम्बन्धी शर्तहरु:-**

वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ.व.२०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार निशुल्क औषधि तथा सर्जिकल सामानहरुको खरिद e-bidding को माध्यमबाट गराउनु पर्ने भएको हुँदा ईजाजत प्राप्त पत्रहरु साथ e-bidding द्वारा पेश गर्न यो सूचना प्रकाश गरिएको छ ।

१ ईन्छुक सप्लायर्स वा फर्मबाट राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मितिले १५औं दिन भित्र उल्लेखित दस्तुरहरु (पछि फिर्ता नहुने गरि) यस कार्यालयको नबिल बैक लि.वीरगंज शाखामा रहेका खाता नं.०५०६०१७५०००७३ मा जम्मा गरेको भौचर सहित ईजाजत पत्र, आयकर प्रमाण पत्र, मुल्य अभिबृद्धिकर प्रमाण पत्र, बाणिज्य विभागको प्राईवेट फर्म दर्ता भएको प्रमाण पत्र, अधिकृत विक्रेताको प्रमाण पत्रको प्रतिलिपी र स्व घोषणा पत्र, आ.व.२०७६/०७७ को कर चुक्ता प्रमाण पत्र संलग्न गरि www.bolpatra.gov.np/egp बाट यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ औ दिन सम्म खरिद गर्न सकिने छ । खरिद भएको दरभाउपत्र सम्बन्धी कागजात १६ औ दिन दिनको १२:०० बजे सम्म www.bolpatra.gov.np/egp मा दर्ता गराउनु पर्ने छ ।

२. उल्लेखित दरभाउपत्र सम्बन्धी कागजातमा भर्नु पर्ने सम्पूण पानाहरु भरि दर्ता गराउनु पर्नेछ । दर्ता भएको दरभाउपत्रहरु दर्ता गर्नु पर्ने अन्तिम दिनको २:०० बजे यस कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्र दाता वा निजका प्रतिनिधिहरुको रोहवरमा वीरगंज महानगरपालिकामा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३. दरभाउपत्र विक्री ताथा दर्ता गर्ने अन्तिम दिन एवम खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमोजिम कमश हुनेछ ।

४. दरभाउपत्र साथ दरभाउपत्र जमानत वीरगंज महानगरपालिकाको कार्यालयको नाउमा रहेको राष्ट्रिय बाणिज्य बैंक लि. आदर्शनगर वीरगंज शाखाको हि.नं.१२५०१००३०३००००२ मा नगद जम्मा गरेको सक्कल भौचर अथवा बाणिज्य बैंक वा वित्तिय संस्थाबाट कम्तीमा (दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट) ७५ दिन म्याद भएको जमानत पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको खरिद ईकाई शाखामा सम्पर्क गर्न सकिने छ । मो.९८४५०९६७७७ मा सम्पर्क गर्न सकिने छ ।

६ गलत लिखित पेश गरि वा मिलोमतो गरि दरभाउपत्रमा भाग लिएको पाईएमा त्यस्ता दरभाउपत्र दाताको दरभाउपत्र रद्द गरि कालो सूचिमा समावेश गर्ने सम्बन्धीत निकायमा सिफारिस गरिने छ ।

७. दरभाउपत्र स्वीकृती गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार वीरगंज महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा निहित रहने छ ।

८. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र वीरगंज महानगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ तथा प्रचलित कानून वमोजिम हुनेछ ।

९. हरेक औषधि WHO-GMP सर्टिफाईड कम्पनीबाट उत्पादित हुनु पर्ने छ ।

१०. स्वीकृत बोलपत्रदाताले मूल्य अंकित औषधिमा बढि दररेट राखी दिन पाइने छैन । स्वीकृत बोलपत्र अनुसारको सामान एकमुष्ठ वा आवश्यकता अनुसार फरक फरक अर्डर दिई खरिद गरिने छ । साथै सप्लाई गरिने औषधिको म्याद कार्यालयमा दाखिला गर्न ल्याउँदा कम्तीमा १८ महिनाको बाँकी भएको हुनु पर्दछ उत्पादन मितिबाट १८ महिनाको एक्सपायर अवधि नभएका औषधीहरुको हकमा ७५ प्रतिशत समय बाँकी हरेको हुनु पर्ने छ ।

११. सप्लाई हुने औषधिको प्रत्येक प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नम्बर तथा "Supply for Ministry of Health Nepal" वा "नेपाल सरकारबाट नि:शुल्क वितरणको लागी" भनि स्पष्ट र अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्नेछ ।

१२. यो सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको website:www.bolpatra.gov.np/egp र वीरगंज महानगरपालिका नगरकार्यपालिकाको कार्यालयको website नं. www.birgunjmun.gov.np मा समेत उपलब्ध छ ।

१३. BOQ मा उल्लेखित सि.नं. १ देखि ५२ सम्म औषधिहरु भ्याट नलाग्ने तथा सि.नं. ५३ देखि ६६ सम्मका औषधिहरुमा भ्याट लाग्ने भएकाले सोहि बमोजिम भ्याट रकम उपलब्ध गराइने छ ।

| सि.नं | ठेक्का संख्या नं. | कामको विवरण | ल.ई.रकम | धरौटी । बैक ग्यारेण्टी | दरभाउपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | BMC/NCB/GOODS/SQ/2077-078/27 | Supply and Delivery of Free Essential Medicine and Surgical Goods for Birgunj Metropolitan City | 34,35,399.40 | 90,000.00 | 1,000 | |